# नेपाल गजेट
## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं आश्विन १३ गते २०१५ साल [संख्या २५

### गृहमन्त्रालयको सूचना

१-६-०१५

श्री ५ को सरकारले राष्ट्र सेवकहरूको ( भ्रष्टाचार निवारण) ऐन २०१३ अन्तरगत बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ :-

## राष्ट्र सेवकहरूको (भ्रष्टाचार निवारण) नियम २०१५

राष्ट्र सेवकहरूको ( भ्रष्टाचार निवारण ) ऐन, २०१३ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ :-

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यो नियमहरूको नाम राष्ट्र सेवकहरूको ( भ्रष्टाचार निवारण ) नियम २०१५, रहेको छ ।

(२) यो नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।



४३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा:-

(क) "ऐन" भन्नाले राष्ट्र सेवकहरूको भ्रष्टाचार निवारण ऐन, २०१२, लाई सम्झनुपर्छ।

(ख) "विशेष पुलिस अफिसर" भन्नाले ऐनबमोजिम श्री ५ को सरकारले नियुक्त गरेका व्यक्तिलाई सम्झनुपर्छ।

३. मातहत:- ऐनको दफा १७ बमोजिम गठन गरिएको विशेष पुलिस विभाग श्री ५ को सरकार गृहमन्त्रालयको मातहतमा रहने छ।

४ विशेष पुलिस विभाग तथा तत्सम्बन्धी मन्त्रालयको कार्य प्रणाली:- (१) ऐन अन्तर्गत सजाय हुने अभियोगमा पर्न आएको राष्ट्र सेवक उपरको कुनै पनि खबर वा उजुरीमा वस्तु स्थिति पत्ता लगाउन चिफ स्पेशल पुलिस अफिसर वा निजले खटाएको विशेष पुलिस अफिसर वा ऐनको दफा १८ बमोजिम श्री ५ को सरकारले सूचनाद्वारा तोकेको अरू कुनै अफिसरले तुरुन्त जाँच पडताल वा अनुसन्धान गरी त्यस्तो जाँच पडताल वा अनुसंधान गर्दा खबर वा उजुर पक्का देखिन आए अभियोग प्रमाणित गर्न देहायका तरीका अपनाउन सक्नेछन्।

(क) त्यस्ता कुराको तथ्य पत्ता लगाउन गुप्तिवरबाट उचित र आवश्यक तरीका अपनाउन।

(ख) अभियुक्तसंग लिखित बयान समेत लिन।

(ग) मौका तहकिकातको प्राथमिक कार्यवाही गर्न।

(२) उपनियम (१) बमोजिम गरिएको कारवाईको परिणामस्वरूप सम्बन्धित राष्ट्र सेवकउपर मुद्दा चलाउन पर्ने देखिन आएमा ऐनको कुन दफा अन्तर्गत के कस्तो अभियोग लगाई मुद्दा चलाउने हो सो स्पष्ट खुलाई चिफ स्पेशल पुलिस अफिसरले मुद्दा चलाउने स्वीकृतिका लागि सम्बन्धित मार्फत श्री ५ को सरकारका गृह सचिव छेउ पेश गर्ने छन्।

(३) उपनियम (२) बमोजिम आएको रिपोर्ट हेर्दा मुद्दा चलाउन मुनासिब देखिए श्री ५ को सरकारले मुद्दा चलाउने स्वीकृति दिनसक्ने छ र स्वीकृति दिएमा सो स्वीकृतिको सूचना गृह सचिवले सम्बन्धित मन्त्रालय, विभाग, अड्डा, अदालत, संस्थासमेतलाई पठाउने छन्।

(४) उपनियम (३) बमोजिम सूचना पाएपछि सोही सूचनाको आधारमा अख्तियारवालाले सो राष्ट्र सेवक सरकारी कर्मचारी भए निजलाई सस्पेण्ड गर्नेछ।

५३४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) मा जुन सुकै कुरा लेखिएको भए तापनि ऐनको परिच्छेद २ अन्तर्गत सजाँय हुने अपराध कुन राष्ट्रसेवकले गरेकोमा कुनै विशेष पुलिस अफिसरले वा ऐनको दफा १६ बमोजिम श्री ५ को सरकारले सूचना द्वारा तोकेको अरू कुनै अफिसरले मौकैमा पक्री हिरासतमा राखेमा सो राष्ट्र सेवक सरकारी कर्मचारी रहेछ भने हिरासतमा रहेको मितिदेखि नछुटेको मितिसम्म स्वयमेव सस्पेण्ड भएको मानिने छ र यसरी हिरासतमा राख्ने विशेष पुलिस अफिसरले सो राष्ट्र सेवकसंग सम्बन्धित मन्त्रालय, विभाग, अड्डा अदालत, संस्थालाई तुरुन्त सो कुराको सूचना दिनु पर्छ र गृह सचिव छेउसमेत तुरुन्त रिपोर्ट गर्नु पर्छ । यस्तो रिपोर्टमा यो मितिमा हिरासतमा रहेको हिरासतमा यति समयसम्म रहन सक्ने व्यहोरासमेत विशेष पुलिस अफिसरले खुलाउनु पर्नेछ ।

(६) उपनियम ५) बमोजिम रिपोर्ट प्राप्त भएपछि सो रिपोर्ट दाखिल भएका १५ दिनभित्र सो राष्ट्र सेवकउपर मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको निर्णय गृह सचिवले गरी गराइ सो निर्णयको सूचना सम्बन्धित मन्त्रालय, विभाग, अड्डा, अदालत, संस्थालाई दिनेछन् । मुद्दा चलाउने निर्णय भएकोमा अख्तियारवालाले सो राष्ट्र सेवक सरकारी कर्मचारी रहेछ भने निजलाई निज हिरासतबाट छुटे पछि यही सूचनाको आधारमा तुरुन्त सस्पेण्ड गर्ने छ ।

(७) उपनियम (४), (५), (६) मा जे सुकै लेखिएता पनि कुनै राष्ट्र सेवक नेपाल कानूनले सस्पेण्ड गर्न नमिल्ने राष्ट्र सेवक नभएमा निजलाई अख्तियारवालाले सस्पेण्ड गर्नेमा बाधा पुर्‍याउने छैन ।

(८) भ्रष्टाचार सम्बन्धी सबै खबर कागजात र अदालतमा मुद्दा दायर नगरेसम्म विशेष पुलिस विभागका सरकारी कर्मचारीले र तत्सम्बन्धी कारबाई गर्ने सबै व्यक्तिले बिलकूल गुप्त राख्नुपर्छ ।

५. विशेष पुलिस अफिसरको अख्तियारः- (१) नियम (४) बमोजिम जाँच-बुझ गर्दा विशेष पुलिस अफिसरले वा ऐनको दफा १६ बमोजिम श्री ५ को सरकारले सूचनाद्वारा तोकेको अरू कुनै अफिसरले जुन सुकै संस्था र सरकारी अड्डा अदालत मन्त्रालयको दायरी कागजपत्र मिसिल फाईलजस्ता कागजात हेर्ने र आवश्यक ठानेमा कानूनको रीत-बमोजिम त्यसका असल वा नक्कल विशेष पुलिस विभागमा ल्याउन सक्नेछन् तर कागजपत्र ल्याउँदा त्यस अड्डाको दैनिक काम कारबाई नरोकिने व्यवस्था सो अफिसरले मिलाउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) कुनै राष्ट्र सेवकले तहबिल हिनामिना गरेको शंकामा जांच पडताल गर्न खोजेमा चिफ स्पेशल पुलिस अफिसर वा निजले खटाएको विशेष पुलिस अफिसर वा ऐनको दफा १६ बमोजिम श्री ५ को सरकारले सूचनाद्वारा तोकेका अरू कुनै अफिसरले त्यस्तो शंका पन आएको राष्ट्र सेवकसंग सम्बन्धित मन्त्रालय, विभाग, अड्डा, अदालत, वा संस्थाको तहबिल जाँच गर्नसक्ने छन् र सम्बन्धित अधिकारीहरूले पनि जांचन दिनुपर्न छ ।

(३) चिफ स्पेशल पुलिस अफिसरले वा निजले खटाएको विशेष पुलिस अफिसरले वा ऐनको दफा १६ बमोजिम श्री ५ को सरकारले सूचनाद्वारा तोकेको अरू कुनै अफिसरले कुन राष्ट्र सेवकले गरेको भ्रष्टाचार सम्बन्धी अभियोगमा कुनै व्यक्तिसँग मौखिक वा लिखित प्रश्न सोध्न सकनेछन् र त्यसरी सोधिएको व्यक्तिले सोधिएबमोजिम प्रश्नको लिखितजवाफ समेत दिनुपर्ने छ।

६. <u>अदालतमा पेश गर्ने:-</u> नियम (४)बमोजिम अदालती कारवाईको निमित्त स्वीकृत भएको मुद्दा अभियोग लागेका राष्ट्र सेवकका विरुद्ध ऐनको दफा २० अन्तरगत गठन गरिएको विशेष न्यायाधीशको इजलासमा चिफ स्पेशल पुलिस अफिसरद्वारा दायर गरिने छ ।

७. <u>अपील:-</u>विशेषन्यायाधीशको फैसलाउपर अपील गर्नुपर्छ भन्ने लागेमा चिफ स्पेशल पुलिस अफिसरले श्री ५ को सरकारको स्वीकृति लिई अपील गन सक्ने छ ।

८. <u>विभागीय कारवाई गरिने:-</u>नियम (४) को उपनियम (२) बमोजिम मुद्दा चलाउने स्वीकृतिको लागि पेश भएकीमा मुद्दा चलाउनु भन्दा विभागीय कारबाई गर्नु उपयुक्त र मनासिब छ भन्ने सम्झेमा श्री ५ को सरकारले नेपाल कानूनले विभागीय कारबाई गर्नमिल्ने भए सम्बन्धित राष्ट्र सेवक उपर विभागीय कारबाई गर्ने आदेश दिन सकने छ ।

९. <u>अख्तियारवालाले कारवाई गर्ने:-</u>नियम ८ बमोजिम आदेश प्राप्त भएमा सो राष्ट्र सेवकलाई नियुक्त गर्न अख्तियार पाएकी व्यक्ति ले त्यस्ता राष्ट्र-सेवकउपर लागेका अभियोगको सम्बन्धमा कानूनबमोजिम विभागीय कारबाई गर्नेछ र त्यसको परिणाम चिफ स्पेशल पुलिस अफिसरलाई सूचित गन छ।

२३६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. अरू राष्ट्र सेवकउपर मुद्दा चल्न सक्ने:-अदालती कारवाइको निमित्त-विशेष न्यायाधीशको इजलाशमा कारवाई चलाउन स्वीकृति दिएका मुद्दामा मुद्दा चलाउन स्वीकृति भए बाहेकका अरू राष्ट्र सेवकले समेत कसूर गरेको देखिएमा विशेष न्यायाधीशले तत्कालै त्यस कुराको सूचना विशेष पुलिस अफिसरलाई दिनेछन् र विशेष पुलिस अफिसरले सो कुरा श्री ५ को सरकारको गृह सचिव छेउ पेश गरी उक्त ऐन अन्तरगत मुद्दा चलाउन श्री ५ को सरकारको स्वीकृति प्राप्त भएमा सो कुराको सूचना विशेष न्यायाधीशलाई दिनेछ र।

११. विशेष पुलिस अफिसरलाई सहयोग दिनु पर्ने:- कुनै विशेष पुलिस अफिसरले सोधेको कुराको जवाफ दिनु र निज मागेको सहयोग सहुलियत दिनु हरेक सम्बन्धित व्यक्तिको कर्तव्य हुने छ।

१२. पुलिस ऐन तथा नियम लागू हुने:- विशेष पुलिस बिभागका कर्मचारीका सम्बन्धमा पुलिस ऐन २०१२ र सो ऐन अन्तर्गत बनेका नियम लागू रहने छ।

१३. युनिफर्म लगाउन पर्ने :- ऐन अन्तर्गतको काम कर्तव्य गर्दा विशेष पुलिस बिभागका कर्मचारीहरूले आफ्ना दर्जा अनुसारको व्याज पोशाक लाउनु पर्ने छैन।

आज्ञाले—
जीवनाथ लोहनी,
का. मु सचिव—गृहमन्त्रालय.

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५३८
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।